आज मिति २०८०।०९।२५ गते काठमाडौं मेडिकल कलेज प. लिमिटेड, सिनामंगलका सहायक प्राचार्य डा. पावना कायस्थ तथा यस कलेजका आन्दोलनरत आवासीय चिकित्सककातर्फबाट प्रतिनिधित्व गर्ने डा. बिजय के.सी.का बीच काठमाडौं मेडिकल कलेज, सिनामंगलमा सौहार्दपूर्ण वातावरणमा वार्ता भई बिगत केहि दिन यता कलेज तथा अस्पतालमा उत्पन्न भएको असहज परिस्थितिलाई समाधान गर्नका लागि निम्न लिखित बुँदाहरुमा सहमति भएको छ ।

**सहमतिका बुँदाहरु :**

१. आगामी दिनमा हरेक ३।२ महिनामा नियमित समीक्षा बैठक बसी आवासीय स्वास्थ्य शिविर (Stay Camp) तथा अन्य शिविरहरुमा भएगरेका र हुनसक्ने कमि कमजोरीहरुलाई क्रमश : सुधार गर्दै लगिने छ ।

२. काठमाडौं मेडिकल कलेज प.लि.बाट स्थानीय स्तरमा आयोजना गरिने नि:शुल्क स्वास्थ्य शिविरमा अर्को व्यवस्था नभएसम्म २ हप्तामा ३ पटक र Stay Camp बढीमा महिनामा १ पटक वा कलेज व्यवस्थापनले आवश्यक ठानेमा १ पटक थप गरी २ पटकसम्म आयोजना हुन सक्नेछ । शिविर संचालन हुने स्थानको दुरी तथा पहुचँ र आवश्यकताका आधारमा एक पटकको आवासीय स्वास्थ्य शिविर सामान्यतया १ (एक) हप्तासम्मको हुन सक्नेछ । एक हप्ता भित्रमा विभिन्न ठाउँमा गरिने शिविरलाई एउटा Stay Camp का रुपमा गणना गरिनेछ ।

३. गत २ बर्ष देखि सिन्धुपाल्चोक जिल्लाको सिपाघाटस्थित सामुदायिक अस्पतालमा आवासीय चिकित्सकहरु खटाइने गरिएकोमा अव उपरान्त खटाइने छैन ।

४. केएमसी सामुदायिक अस्पताल, दुवाकोटको ENT, Psychiatric, Ophthalmology and Dermatology विभागको Duty Roster लाई आवश्यकता अनुसार परिमार्जन गरिने छ ।

५. हामी तपशीलमा उल्लेखित ८१ जना आवासीय चिकित्सकहरुले अव उपरान्त कलेजले संचालन गरेको कुनै पनि स्वास्थ्य शिविरहरुमा सहभागि नहुने भनी मिति २०८०।०९।११ गते दिएको निवेदन यसै सहमतिद्वारा बदर हुने कुरामा हाम्रो पूर्ण सहमती रहेको छ । हामीले राजिखुसी आफ्नो इच्छाले यस सम्झौता पत्रमा हस्ताक्षर गरेका छौं ।

६. मिति २०८०।०९।१२ गतेबाट यस मेडिकल कलेजमा उत्पन्न असहज परिस्थिति प्रति सम्पूर्ण आवासीय चिकित्सकले दु:ख व्यक्त गर्दै आगामी दिनमा कलेजको उन्नयनका लागि सदैव एक हुने प्रण गर्दछौं ।

७. आवासीय चिकित्सकहरुले मिति २०८०।०९।१२ गतेबाट घोषणा गरेका सम्पूर्ण विरोधका कार्यक्रमहरु फिर्ता लिई आफ्नो नियमित अध्ययन तथा कामकाजमा फर्किनु पर्नेछ ।

८. कलेज प्रसासनले आवासीय चिकित्सक डा. विशद दाहाललाई मिति २०८०।०९।१२ गते बाट १ (एक) महिनाका लागि पोष्टग्रेजुएट कार्यक्रमका कुनै पनि गतिविधिहरुमा सहभागी हुन नपाउने गरी गरिएको निलम्बन फिर्ता लिइनेछ ।

**कलेज व्यवस्थापनका तर्फबाट,**

डा. पावना कायस्थ

सहायक प्राचार्य

**आवासीय चिकित्सकका तर्फबाट,**

डा. विजय के.सी

साक्षी : प्रा. डा. ज्ञानमान प्र. अधिकारी - kmc
LA दिपक दहाल - KU.

मिति : २०८०-०९-२५

आवासीय चिकित्सकहरू तथा काठमाडौं मेडिकल कलेज व्यवस्थापनबिच सम्पन्न निर्णयहरूको रोहबरमा सहभागीको सहीहरू

१) डा. विजय के.सी.

२) डा. सरोज कार्की

३) डा. टिकाराम पौडेल

४) डा. सुजित चौधरी

५) डा. प्रकाश सिंह

६) विशद दाहाल

७) डा. दिपक भिन्धवार

८) डा. विवेक अधिकारी

९) डा. कविराज थापा

१०) डा. बिकुल प्र. आचार्य